# काठमाडौं महानगरपालिका

# स्थानीय राजपत्र

काठमाडौं महानगरपालिकाद्वारा प्रकाशित

वर्ष १) काठमाडौं, *पुस २४ गते, २०७४* साल (अतिरिक्ताङ्क २

## भाग १

### काठमाडौं महानगरपालिका नगरसभाको सूचना

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम काठमाडौं महानगरपालिकाको नगरसभाले मिति २०७४।३।३१ मा जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७४ सालको ऐन नं. १

काठमाडौं महानगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०७४

**प्रस्तावना** : काठमाडौं महानगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयनको निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना सङ्कलन गर्न, छुट दिन तथा अन्य आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २३० बमोजिम काठमाडौं महानगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१) **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "काठमाडौं महानगरपालिका आर्थिक ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि काठमाडौं महानगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।

२) **घरजग्गा कर (संम्पति कर)** : काठमाडौं महानगरपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम घरजग्गा कर लगाई असुल उपर गरिनेछ ।

३) **भूमिकर (मालपोत)** : काठमाडौं महानगरपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमिकर (मालपोत) लगाई असुल उपर गरिनेछ ।

४) **बहाल कर** : काठमाडौं महानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, सेड, जग्गा वा पोखरी पुरै वा आशिंक तबरले साथै अन्य कुनै आम्दानी हुने गरी बहालमा दिएकोमा अनुसूची (३) बमोजिम बहाल कर लगाई असुल उपर गरिनेछ ।

५) **व्यवसाय कर** : काठमाडौं महानगरपालिका क्षेत्रभित्र दर्ता वा इजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति वा निकायलाई व्यवसायको प्रकृति, आर्थिक कारोवार, स्थान बिषेश र लगानीका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाई असुल उपर गरिनेछ । त्यसरी व्यवसाय कर असुल गर्दा बैंक तथा वित्तीय संस्था र सुपरमार्केटहरुको हकमा प्रत्येक कारोबार स्थलमा कारोबारको आधारमा अलग अलग इकाइ मानी असुल उपर गरिनेछ ।

६) **जडीबूटी, कवाडी र जीवजन्तु कर** : काठमाडौं महानगरपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबूटी, वनकस, कवाडी माल र अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिड.,प्वाखँ, छाला जस्ता वस्तुको ब्यवसायिक कारोबार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाई असुल उपर गरिनेछ ।

तर प्रचलित कानुनले निषेध गरिएकाको हकमा भने उल्लिखित व्यवस्था लागू हुने छैन ।

७) **सवारी साधन कर :** सवारी साधन कर अनुसूची (६) बमोजिम लगाई असुल उपर गरिनेछ ।

८) **विज्ञापन कर :** काठमाडौं महानगरपालिका क्षेत्रभित्र हुने सबै किसिमका विज्ञापनमा अनुसूची (७) बमोजिमको विज्ञापन कर लगाई असुल उपर गरिनेछ ।

९) **मनोरञ्जन कर** : काठमाडौं महानगरपालिका क्षेत्रभित्र हुने र शुल्क लिई सञ्चालन गरिने जुनसुकै प्रकारको मनोरञ्जन ब्यवसायमा अनुसूची (८) बमोजिमको मनोरञ्जन कर लगाई असुल उपर गरिनेछ ।

१०) **बहाल बिटौरी शुल्क :** काठमाडौं महानगरपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख, वा सञ्चालन गरेका वा सार्वजनिक ऐलानी पर्ती जग्गा वा भवनमा हाटबजार वा पसल वा सडक वा बाटो किनार वा विशेष मेला पर्वमा अनुसूची (९) मा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाई असुल उपर गरिनेछ ।

११) **सवारी साधन पार्किङ्ग शुल्क :** काठमाडौं महानगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएवापत अनुसूची (१०) बमोजिम सवारी साधन पार्किङ्ग शुल्क लगाई असुल उपर गरिनेछ । साथै पार्किङ्ग व्यवसाय सञ्चालन गर्ने ब्यक्ति वा संस्थाले काठमाडौं महानगरपालिकाबाट पूर्व अनुमति लिएको हुनुपर्नेछ ।

१२) **ट्रेकिङ्ग र र्‍याफ्टिङ्ग शुल्क:** काठमाडौं महानगरपालिका क्षेत्रभित्र ट्रेकिङ्ग र र्‍याफ्टिङ्ग सेवा वा व्यवसाय सञ्चालन गरेवापत अनुसूची (११) बमोजिम शुल्क लगाइ असुल उपर गरिनेछ ।

१३) **सेवा शुल्क दस्तुर :** काठमाडौं महानगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए बमोजिम शुल्क लगाई असुल उपर गरिनेछ ।

१४) **पर्यटन शुल्क :** काठमाडौं महानगरपालिकाले तोकेका स्थानहरुमा पर्यटक प्रवेश गर्दा अनुसूची (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाई असुल उपर गरिनेछ ।

१५) **जरिवाना :** काठमाडौं महानगरपालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्किङ्ग वा

ब्यापार व्यवसाय वा फोहरमैला गर्ने तथा प्रचलित कानुन विपरीतका कार्य गर्नेलाई अनुसूची (१४) बमोजिम जरिवाना गरिनेछ । साथै काठमाडौ महानगरपालिका, नगर कार्यपालिकाले समय समयमा यस व्यवस्थामा थपघट तथा पुनरावलोकन गर्न सक्नेछ ।

१६) **घरजग्गा रजिष्ट्रेसन शुल्कः** काठमाडौं महानगरपालिका क्षेत्रभित्रका घर जग्गा वा अन्य सम्पत्तिहरुको रजिष्ट्रेसन गर्दा अनुसूची (१५) बमोजिम रजिष्ट्रेसन शुल्क लगाई असुल उपर गरिनेछ ।

१७) **कर तथा शुल्क संकलन कार्यविधि :** यस ऐनमा भएको व्यवस्था यसै बमोजिम र अन्यका हकमा यस ऐनसँग नबाझिने गरी काठमाडौं महानगरपालिका, नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१८) **अन्य व्यवस्था :** १) काठमाडौं महानगरपालिकाका विषयगत शाखा, वडा तथा अन्य कार्यालयहरुबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनुपर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाई सेवासँग आबद्ध गरी अनिवार्य असुल उपर गरी सेवा प्रवाह गर्नु पर्नेछ ।

तर नागरीकताको सिफारिस तथा ब्यक्तिगत घटना दर्ता गर्दा प्रतिबद्धतापत्र लिई सेवा प्रवाह गर्न भने वाधा पुगेको मानिने छैन ।

१९) **यसै ऐन बमोजिम भएको मानिने :** यो ऐन जारी हुन अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

२०) **नियम वा कार्यविधि बनाउन सक्नेः** काठमाडौं महानगरपालिका नगर कार्यपालिकाले यस ऐनमा भएका व्यवस्थाहरुलाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ ।

२१) **साविक बमोजिम हुने :** यस ऐनमा उल्लिखित व्यवस्था यसै बमोजिम र उल्लिखित नभएको हकमा साविक बमोजिम नै हुनेछ ।

२२) **खारेजीः** साविकमा काठमाडौं महानगरपालिकाले लागू गर्दै आएका व्यवस्थाहरु यस ऐनसँग प्रतिकूल देखिएमा प्रतिकूल भएको हदसम्म खारेज हुनेछन् ।

## अनुसूची (१)

दफा (२) सँग सम्बन्धित
घरको बनौटका आधारमा घरको मूल्याङ्कन दर

घरजग्गा कर निर्धारणलाई न्यायोचित, वैज्ञानिक एवं तथ्यपरक बनाउन जग्गा तथा घरको मूल्याङ्कन दरलाई पुनरावलोकन गरिनेछ । आ.व. २०७४/०७५ को लागि घर जग्गा कर निर्धारण गर्ने आधार र मूल्यांकन दर साविक बमोजिम नै कायम गरिएको छ ।

## अनुसूची (२)

दफा (३) सँग सम्बन्धित
मालपोतको दररेट

| जग्गाको वर्ग | दर प्रति रोपनी रु. | जरिवाना | कैफियत |
|---|---|---|---|
| क | २६०।- | वार्षिक १० प्रतिशत | विगत वर्षहरुको बक्यौताको हकमा समेत यसै अनुसार हुनेछ । |
| ख | २१०।- | | |
| ग | १६०।- | | |
| घ | १३०।- | | |
| ङ | १००।- | | |
| च | ८०।- | | |
| वर्ग नखुलेकाको हकमा | १३०।- | | |

## अनुसूची (३)

दफा (४) सँग सम्बन्धित
बहाल करको दररेट

काठमाडौं महानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, सेड, जग्गा वा पोखरी वा अन्य सम्पत्ति पुरै वा आशिंक तबरले बहाल दिएकोमा बहाल अंकको १२ प्रतिशतका दरले बहाल कर संकलन गरिनेछ । सङ्गठित संघ/संस्था, कम्पनी, कार्यालय वा यस्तै प्रकृतिका अन्यले बहालमा बसेवापत बहाल रकम बुझाँउदा श्रोतमै अग्रीम बहाल कर कट्टी गरी दाखिला गर्नुपर्नेछ ।

बहाल कर निर्धारण प्रक्रिया :

१) बहालमा दिएको मितिलाई आधार मानी दैनिक, मासिक, त्रैमासिक, अर्धवार्षिक वा वार्षिक अवधिलाई आधार लिइ बहाल कर बुझाउनु पर्नेछ ।

२) क्षेत्रगत आधारमा काठमाडौं महानगरपालिका, नगर कार्यपालिकाले न्यूनतम बहाल दर तोक्न सक्नेछ ।

३) काठमाडौं महानगरपालिका, नगर कार्यपालिकाले निर्धारण गरेको कार्यविधि अनुसार करदाताले स्वंय घोषणा गरेको वा सम्झौतापत्रमा उल्लेख भएको आधारमा बहाल कर निर्धारण गरिनेछ ।

# अनुसूची (४)

दफा (५) सँग सम्बन्धित
व्यवसाय करको दररेट

| | | | सानो | मझौला | ठुलो | कैफियत |
|---|---|---|---|---|---|---|
| कर आय | व्यापारिक वस्तु कर | चुरोट डिलर | ८००० | ८००० | ८००० | |
| | | रक्सी मदिराजन्य पसल | ३००० | ८००० | ८००० | |
| | | ज्वेलरी (जेम्स) | ३००० | ८००० | ८००० | |
| | | सिडी., डिभिडी बिक्री, भिडियो क्यासेट बिक्री क्यासेट रिकर्डर, प्लेयर, रेडियो, डेक, फोन, टाइप राइटर | ३००० | ५००० | ५००० | |
| | | क्युरियो | २००० | ३००० | ३००० | |
| | | मोबाइल एसेसरिज बिक्री पसल | ३००० | ५००० | ५००० | |
| | | घडि बिक्री पसल | २००० | ५००० | ५००० | |
| | | पुस्तक पसल, स्टेसनरी | १५०० | २५०० | २५०० | |
| | | पत्रपत्रिका मात्र | ५०० | १००० | १००० | ब्रान्डेड सोरूम |
| | | पान पसल | १००० | १५०० | १५०० | |
| | | तमाखु पसल | ५०० | ५०० | ५०० | |
| | | कम्प्युटर, फ्रिज, फोटोकपी, वासिँग मेसिन इत्यादि इलेक्ट्रोनिक्स सामान थोक | ३००० | ८००० | ८००० | |

| | | | सानो | मझौला | ठुलो | कैफियत |
|---|---|---|---|---|---|---|
| | | विक्री | | | | |
| | | कलर ल्याव वा यस्तै प्रकृतिका प्रिन्टीङ्ग व्यवसाय | | ५००० | ५००० | |
| | | फर्निचर तथा फर्निसिङ बिक्री | ५००० | ८००० | ८००० | |
| | | काठ चिरानी लगायत सामान्य लोकल फर्निचर | २००० | २००० | २००० | |
| | | डिपार्टमेन्टल स्टोर | १००००० | १००००० | १००००० | |
| | | मिनी मार्ट | १०००० | १०००० | १०००० | |
| | | कम्प्लेक्स सेन्टर बिजनेस मार्ट | १००००० | १००००० | १००००० | |
| | | तयारी लुगा रेडिमेड | २००० | ३००० | ३००० | |
| | | चस्मा बिक्री | १५०० | ३००० | ३००० | |
| | | रड, सिमेन्ट, जस्ता पाता, हार्डवेयर पसल | २००० | ३००० | ३००० | |
| | | प्लाइउड, ताला, छेस्किन, चुकुल, जाली, किला काँटा इत्यादि | २००० | ३००० | ३००० | |
| | | रंङ रोगन पसल | २००० | ३००० | ३००० | |
| | | स्यानिटरी वाथरुम पसल | २००० | ३००० | ३००० | |
| | | ऐना, प्लाईउड तथा सिसा पसल | २००० | ३००० | ३००० | |
| | | बिजुली | २००० | ३००० | ३००० | |

| | | | सानो | मझौला | ठुलो | कैफियत |
|---|---|---|---|---|---|---|
| | | सामान पसल | | | | |
| | | कम्प्युटर, फ्रिज तथा अन्य इलेक्ट्रोनिक्स पार्ट पसल | २००० | ३००० | ३००० | |
| | | सवारी साधन पार्ट पुर्जा | २००० | ३००० | ३००० | |
| | | सिँगार पसल (कस्मेटिक) | १५०० | २५०० | २५०० | |
| | | टायर ट्युब पसल | २००० | ३००० | ३००० | |
| | | रोडा, बालुवा, | २००० | ३००० | ३००० | |
| | | पेट्रोल पम्प | ३००० | ३००० | ३००० | |
| | | एकोरियम पसल | २००० | २००० | २००० | |
| | | छाला बिक्री | १५०० | १५०० | १५०० | |
| | | थान्का पसल | १५०० | १५०० | १५०० | |
| | | साडी पसल | २००० | ३००० | ३००० | |
| | | औषधी पसल | १००० | १००० | १००० | |
| | | भेटेनरी औषधी पसल | १००० | १००० | १००० | |
| | | सर्जिकल इक्युपमेन्ट सप | ३००० | ३००० | ३००० | |
| | | खाद्य पदार्थ/किराना पसल कोल्ड ड्रिक समेत | ७०० | १००० | १००० | |
| | | सुति कपडा/ऊनी पसल | १००० | १००० | १००० | |
| | | तरकारी पसल | ५०० | १००० | १५०० | |
| | | फलफूल पसल | ५०० | १००० | १५०० | |
| | | हलुवाई पसल | ५०० | ५०० | ५०० | |
| | | दूध, दही बिक्री पसल | ५०० | १००० | १००० | |

| | | | सानो | मझौला | ठुलो | कैफियत |
|---|---|---|---|---|---|---|
| | | तेल, घ्यू, सख्खर बिक्री पसल | ५०० | १००० | १००० | |
| | | भाडाकुडाँ पसल (उच्चस्तरीय) | १५०० | २५०० | २५०० | |
| | | गिफ्ट सप तथा खेलौना पसल (उच्चस्तरिय) | १५०० | २५०० | २५०० | |
| | | चुरा पोते रिवन पसल | १५०० | १५०० | १५०० | |
| | | इमब्रोइडरी पसल | १५०० | १५०० | १५०० | |
| | | धागो टाँक पसल | ५०० | ५०० | ५०० | |
| | | जुत्ता पसल ( लोक विदेशी, होलसेल) | १००० | २००० | ३००० | |
| | | ट्रेकिङ सामान बिक्री पसल | २००० | २००० | २००० | |
| | | मोटरसाईकल वर्कसप | १००० | १००० | १००० | |
| | | मोटर बिक्री सोरुम, भारतीय र अन्य | ३००० | ५००० | ५००० | |
| | | मोटरसाइकल बिक्री सोरुम | २००० | २००० | २००० | |
| | | साइकल बिक्री सोरुम | २००० | २००० | २००० | |
| | | साइकल वर्कसप | ५०० | ५०० | ५०० | |
| | | सवारी साधनका पार्टपुर्जा पसल | ३००० | ३००० | ३००० | |
| | | रिकन्डिसन सवारी साधन खरिद बिक्री (मोटर) | ४००० | ४००० | ४००० | |

| | | | सानो | मझौला | ठुलो | कैफियत |
|---|---|---|---|---|---|---|
| | | रिकन्डिसन सवारी साधन खरिद बिक्री (मोटर साईकल मात्र) | २००० | २००० | २००० | |
| कर आय | विशेषज्ञ परामर्श सेवा तथा अन्य व्यवसाय सेवा | | | | | |
| | | चिकित्सक | ३६० | २००० | ३००० | |
| | | कविराज | ३६० | १००० | १००० | |
| | | इन्जिनियर | ३६० | २००० | ३००० | |
| | | कानून व्यवसायी | ३६० | १००० | ३००० | |
| | | लेखा परीक्षक | ३६० | २००० | ३००० | |
| | | दन्त चिकित्सक | ३६० | २००० | ३००० | |
| | | अनुसन्धानकर्ता तथा परामर्शदाता | ३६० | १००० | ३००० | |
| | | कम्प्युटर एनालिष्ट तथा प्रोगामर | ३६० | २००० | ३००० | |
| | | बीमा एजेन्ट | ३६० | २००० | ३००० | |
| | | सर्भेयर | ३६० | २००० | ३००० | |
| | | अनुवादक | ३६० | १००० | ३००० | |
| | | पशु चिकित्सक | ३६० | १००० | ३००० | |
| | | सेयर दलाल | ३६० | २००० | ३००० | |
| | | सामान ढुवानीकर्ता तथा कम्पनी | ७५० | २५०० | ३००० | |
| | | संस्थागत पेन्टर | ५००० | ८००० | १५००० | |
| | | कन्सल्टेन्सी | ३६० | ३००० | ३००० | |
| | | अन्य विशेषज्ञ | ३६० | २००० | ३००० | |

| | | | सानो | मझौला | ठुलो | कैफियत |
|---|---|---|---|---|---|---|
| | | परामर्श तथा व्यवसायिक सेवा | | | | |
| कर आय | उत्पादनमूलक उद्योग | कोरा माल वा अर्ध-प्रशोधित माल वा खेर गइरहेको माल सामानको वा अन्य मालसामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने उद्योग व्यवसायमा | २००० | १०००० | १०००० | |
| | | कोकाकोला, पेप्सीकोला उद्योग | १०००० | १०००० | १०००० | |
| | | आइसक्रिम उद्योग | ५००० | ५००० | ५००० | |
| | | विस्कुट उद्योग | ५००० | ५००० | ५००० | |
| | | पाउरोटी, केक उद्योग (ब्राण्डेड) | ५०० | ३००० | ५००० | |
| | | हलुका पेय पदार्थ उद्योग (कोकाकोला, पेप्सीकोला बाहेक) | ५०० | २००० | २००० | |
| | | डेरी उद्योग | १००० | ५००० | ५००० | |
| | | जुत्ता, चप्पल उद्योग | १००० | ५००० | ५००० | |
| | | डिस्टिलरी उद्योग | १०००० | १०००० | १०००० | |
| | | मिनिरल वाटर उद्योग | ५००० | ५००० | ५००० | |
| | | खाद्यन्न सामाग्री | ३००० | ३००० | ३००० | |

| | | | सानो | मझौला | ठुलो | कैफियत |
|---|---|---|---|---|---|---|
| | | उद्योग (चाउचाउ समेत) | | | | |
| | | कार्पेट, गार्मेन्ट, पस्मिना उद्योग | ५००० | ५००० | ७००० | |
| | | प्लाष्टिक उद्योग | ३००० | ३००० | ५००० | |
| | | घरेलु उद्योग | १५०० | १५०० | १५०० | |
| | | कापी किताब उद्योग | ३००० | ३००० | ३००० | |
| | | खाद्यान्न मिल | ५०० | १५०० | १५०० | |
| | | अन्य उत्पादनमूलक उद्योग | २००० | २००० | २००० | |
| कर आय | कृषि तथा वन्यजन्तु | | | | | |
| | | मूलतः कृषि वा वन पैदावारमा आधारित उद्योग व्यवसायमा | २००० | ५००० | ५००० | |
| | | काठ समेतको स:मिल | ५००० | ५००० | ५००० | |
| | | नेपाली कागज उद्योग | १००० | १००० | १००० | |
| | | रबर उद्योग | ५००० | ५००० | ५००० | |
| | | अन्य कृषि तथा वनजन्य उद्योग | ३००० | ३००० | ३००० | |
| कर आय | खनिज तथा खनिज प्रशोधन व्यवसाय | खनिज उत्खनन वा प्रशोधन गर्ने उद्योग व्यवसायमा | ६००० | ६००० | ६००० | |
| कर आय | पर्यटन उद्योग/व्यवसाय | | | | | |

| | | | सानो | मझौला | ठुलो | कैफियत |
|---|---|---|---|---|---|---|
| | | पाँचतारे होटल | | | ५०००० | |
| | | चारतारे होटल | | | ४०००० | |
| | | तीनतारे होटल | | | ३०००० | |
| | | दुईतारे होटल | | | २०००० | |
| | | एकतारे होटल | | | १०००० | |
| | | बेतारे होटल | | ३००० | ५००० | |
| | | रेष्टुरेन्ट एण्ड बार | | ३००० | ५००० | |
| | | रेष्टुरेन्ट एण्ड बार | | ५००० | ८००० | |
| | | (डान्स, दोहोरी, बहुतल्ले, सहित) | १५०० | ३००० | ५००० | |
| | | फास्ट फुड पसल | | | ३००० | |
| | | (बेकरी क्याफे) | १५०० | ३००० | ५००० | |
| | | लज गेष्ट हाउस | | | ३००० | |
| | | ट्रेकिङ एजेन्सी | | | ३००० | |
| | | ऱ्याफ्टिङ | | | ३००० | |
| | | सफारी | | | ३००० | |
| | | अश्वारोहण | | | ३००० | |
| | | टेकिङ सामान सम्बन्धी पसल | | | ३००० | |
| | | पर्यटक | | | ३००० | |
| | | आवास | | | ३००० | |
| | | रिसोर्ट | | | ३००० | |
| | | ट्राभल एजेन्सी | | | १०००० | |
| | | स्कीइङ | | | ३००० | |
| | | ग्लाइडिङ | | | ३००० | |
| | | वाटर ऱ्याफटिङ्ग | | | ३००० | |

| | | | सानो | मझौला | ठुलो | कैफियत |
|---|---|---|---|---|---|---|
| | | पोनी ट्रेकिङ्ग | | | ३००० | |
| | | पदयात्रा | | | ३००० | |
| | | हट एयर | | | ३००० | |
| | | ब्यालुनिङ | | | ३००० | |
| | | प्यारा ग्लाइडिङ | | | ३००० | |
| | | गल्फकोर्स | | | ३००० | |
| | | पोलो | | | ३००० | |
| | | अश्वारोहण | | | ३००० | |
| | | विदेश विमान सेवा | | | ८००० | |
| | | स्वदेशी विमान सेवा निजी | | | ५००० | |
| | | केवल कार सेवा | | | ३००० | |
| | | अन्य पर्यटन उद्योग | | | ३००० | |
| कर आय | सेवा व्यवसाय | छापाखाना, परामर्श सेवा, जिनिङ तथा वेलिङ व्यवसाय, चलचित्र व्यवसाय, सार्वजनिक परिवहन व्यवसाय, फोटोग्राफी, प्रयोगशाला, हवाई सेवा, शीत भण्डार आदि उद्योग व्यवसायमा | | | | |
| | | सर्टिङ सुटिङ पसल | | १००० | ३००० | ५००० |
| | | ड्राइ क्लिनर्स | | ५०० | २००० | ५००० |
| | | फोटो स्टुडियो | | ५०० | २००० | ७००० |
| | | भोजनालय तथा सामान्य खाजाघर | | ५०० | १५०० | २५०० |
| | | फ्रेस हाउस | | | | १०००० |
| | | कोल्ड स्टोर, शीतभण्डार | | | | १०००० |
| | | कवाडी सामान | | १००० | २००० | ५००० |
| | | घडी मर्मत पसल | | ५०० | १००० | १५०० |
| | | रेकर्डिङ स्टुडियो | | २००० | ४००० | ६००० |
| | | यात्रु परिवहन सेवा | | | | ८००० |
| | | स्नुकर र पुल र भिडियो गेम | | १००० | ३००० | ५००० |
| | | छापाखाना | | १००० | ३००० | ५००० |
| | | मसला पसल र खाद्यान्न डिलर | | ५०० | १००० | २००० |

| | | | सानो | मझौला | ठूलो | कैफियत |
|---|---|---|---|---|---|---|
| | | लुगा सिउने मेशिन विक्री गर्ने पसल | | | | १००० |
| | | मर्मत (छाला ज्याकेट मर्मत | | | | १००० |
| | | साधारण टेलरिङ, पिको, इम्ब्रोइडरी, ईत्यादि | | | | १००० |
| | | वैण्ड बाजा | | | | १००० |
| | | धागा, टाँक पसल | | | | १००० |
| | | छाला बिक्री, जुत्ता बनाउने सामान र बिक्री पसल | | | | १००० |
| | | चलचित्र निर्माण तथा वितरक कम्पनी | | | | १०००० |
| | | ट्रान्सपोर्ट कम्पनी | | | | ३००० |
| | सञ्चार सेवा व्यवसाय | निजी हुलाक सेवा, | | | | १०००० |
| | | टेलिफोन सेवा | | | | २५००० |
| | | सेल्स अफिस, फ्याक्स सेवा, फोटोकपी, मोबाइल फोन, आइएसडी, एसटीडी, इमेल, इन्टरनेट | | | | १५०० |
| | | साइवर, रेडियो पेजिङ आदि | | | | १५०० |
| कर आय | वित्तीय सेवा व्यवसाय | वाणिज्य बैंक (केन्द्रीय कार्यालय) | | | | ७५००० |
| | | वाणिज्य बैंक शाखा | | | | ४०००० |
| | | विकास बैंक (केन्द्रीय कार्यालय) | | | | ५०००० |
| | | विकास बैंक (शाखा | | | | २५००० |
| | | आर्थिक कारोवार समेत गर्ने वित्तीय कम्पनी को मुख्य कार्यालय | | | १५००० शाखा | ३०००० मूख्य |
| | | सहकारी संस्था | | | २००० शाखा | ३००० मूख्य |
| | | बीमा कम्पनी केन्द्र | | | | ५०००० |
| | | बीमा कम्पनी शाखा | | | | ३०००० |
| | | विदेशी मुद्रा सटही | | | | १०००० |
| | | सहकारी बैंक | | | | २५००० |
| | | अन्य वित्तीय कारोबार गर्ने | | | | २५००० |
| कर | स्वास्थ्य सेवा | सामुदायिक गैर-सरकारी | | | | २५००० |

| | | | सानो | मझौला | ठूलो | कैफियत |
|---|---|---|---|---|---|---|
| आय | व्यवसाय | अस्पताल | | | | |
| | | नर्सिङ होम | | | | २०००० |
| | | क्लिनिक तथा ल्याब | | | | १५००० |
| | | निजी अस्पताल मेडिकल कलेज | | | | २५००० |
| | | डेन्टल हस्पिटल | | | | १५००० |
| | | अकुपन्चरिस्ट सेवा | | | | ५००० |
| | | भेटनरी क्लिनिक | | | | ५००० |
| कर आय | शिक्षा तथा तालिम व्यवसाय | क्याम्पस, विश्वविद्यालय | | | | २५००० |
| | | तालिम तथा अनुसन्धान केन्द्र | | | | ५००० |
| | | टाईपिङ, कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | | | ५००० टाईपिङ, कम्प्युटर | १५००० |
| | | मोन्टेस्वरी | | | | १०००० |
| | | निजी विद्यालय प्राथमिक | | | | १२००० |
| | | निजी विद्यालय मा.वि | | | | १५००० |
| | | निजी विद्यालय उ.मा.वि. | | | | २०००० |
| कर आय | मर्मत संभार व्यवसाय | हेभी भेइकल | | | | १०००० |
| | | बस, ट्रक, | | | | ८००० |
| | | लाइट भेइकल कार, भ्यान, जिप, | | | | ५००० |
| | | मोटरसाइकल मर्मत सानातिना पार्ट सहित | | | | २००० |
| | | साइकल | | | | १००० |
| | | रेडियो, टी.भी., घडी, प्रेसर कुकर, हिटर, टेलिफोन सेट, कम्प्युटर विद्युत सामाग्री | | | | १००० |
| | | लेथ मिसिन | | | | १००० |
| | | म्यूजिकल एण्ड मेन्टेनेन्स पसल | | | | १००० |
| कर आय | अन्य सेवा | विज्ञापन सेवा एजेन्सी | | | | २००० |
| | | वैदेशिक रोजगार सेवा ( कन्सल्टेन्सी) | | | | २५००० |
| | | स्वदेशी रोजगार सेवा ( | | | | १००० |

| | | | सानो | मझौला | ठुलो | कैफियत |
|---|---|---|---|---|---|---|
| | | कन्सल्टेन्सी) | | | | |
| | | सेक्रेटेरियल सेवा | | | | १००० |
| | | हाउजिङ कम्पनी तथा घरजग्गा खरिद बिक्री (रियल स्टेट) | | | | ५०००० |
| | | ब्युटी पार्लर | | ८०० | १५०० | २००० |
| | | केश श्रृंगार (सैलुन) | | ८०० | १५०० | २००० |
| | | ड्राई क्लिनर्स, | | १००० | ५००० | १५००० |
| | | साईनबोर्ड बनाउने पेन्टिङ सेवा | | | | ५०० |
| | | पशु वधशाला | | | | १५०० |
| | | मासु विक्रेता | | १००० | २००० | ३००० |
| | | फूल र विरुवा विक्रेता (नर्सरी) | | १००० | ३००० | ५००० |
| | | सिसा, प्लाइउड विक्रेता | | २००० | ४००० | ८००० |
| | | भाडाकुँडा विक्रेता | | १००० | ३००० | ५००० |
| | | स्टिल | | | | २००० |
| | | काठ | | | | ५००० |
| | | फर्निचर विक्रेता | | | | १०००० |
| | | | | | | |
| | | ५००० सम्म ग्राहक भएको | | | | १०००० |
| | | १०००० सम्म ग्राहक भएको | | | | २०००० |
| | | २०००० भन्दा बढी ग्राहक भएको | | | | ४०००० |
| | | १०००० ग्राहक र इन्टरनेट सुविधा भएको | | | | ५०००० |
| | | IP Provider | | | | ६०००० |
| | | इन्टरनेट प्रोभाइडर | | | | १५००० |
| | | Private Telecommunication Service | | | | ५००० |
| | | साधारण सुनचाँदी गहना बनाउने पसल | | | | १५०० |
| | | कार्गो (सामान ढुवानी) | | | | ५००० |
| | | टिकट काउण्टर | | | | २००० |
| | | ढक तराजु बिक्री पसल | | | | ५०० |
| कर आय | अन्य व्यवसाय | पिकनिक स्पट | | | | १००० |
| | | क्यासिनो | | | | १०००००० |

| | | | सानो | मझौला | ठुलो | कैफियत |
|---|---|---|---|---|---|---|
| | | टुर अपरेटर | | | | १५००० |
| | | मसाज पार्लर | | | | १०००० |
| | | Kennel & Animal Breeding | | | | १००० |
| | | शिशु स्याहार केन्द्र | | | | ५०० |
| | | डिस्को | | | | १५००० |
| | | Event Management Company | | | | १५००० |
| | | रेन्टल तथा क्याटरिङ सेवा | | | | १५००० |
| | | सप्लायर्स | | | | ५००० |
| | | Astrology, Spritiual & Genealogy | | | | २००० |
| | | पार्टी प्यालेस | | | | १५००० |
| | | सरसफाइ सेवा व्यवसाय | | | | १५००० |
| | | हेल्थ क्लव व्यामशाला | | | | १०००० |
| | | स्वीमिङ | | | | ५००० |
| | | होस्टेल | | | | ५००० |
| कर आय | निर्माण व्यवसाय | नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा | | ५००० ग वर्ग | १०००० ख वर्ग | १५००० क वर्ग |
| | | अन्य निर्माण सेवा घ वर्ग समेत | | | | ३००० |
| कर आय | उर्जामूलक उद्योग | जलश्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्यास, बायोग्यास तथा अन्य श्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग व्यवसायमा | | | | ५००० |
| | | हाइड्रो पावर | | | | १५००० |
| | | अन्य उर्जामूलक उद्योग | | | | ३००० |
| | | सोलार उत्पादन तथा बिक्री | | | | १०००० |
| | | बायो प्राकृतिक ग्यास कम्पनी | | | | १००० |
| कर आय | निर्माण उद्योग | सडक पूल, रोपवे, रेलवे, ट्रलिबस, टनेल, फलाइङ वृज तथा औद्योगिक व्यापारिक एवं आवास | | | | २५००० |

| | | | सानो | मझौला | ठुलो | कैफियत |
|---|---|---|---|---|---|---|
| | | कम्प्लेक्स आदि निर्माण गरी सञ्चालन गर्ने उद्योग व्यवसायमा | | | | |
| | माथि तोकिएकोमा सोही बमोजिम, नतोकिएको हकमा | | | १००० | ३००० | ५००० |

# अनुसूची (५)

दफा (६) सँग सम्बन्धित
जडीबूटी, कवाडी माल करको दररेट

ऊन, खोटो, जडीबूटी, वनकस, कवाडी माल, जीवितजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिड., प्वाखँ, छाला, जस्ता बस्तुको व्यवसायिक कारोबार गरे वापत जडीबूटी, कवाडी र जीवजन्तु कर लाग्नेछ । उल्लिखित मालसामानका हकमा निम्न बमोजिम हुने साथै संकलन गर्ने कार्यविधि काठमाडौं महानगरपालिका, नगर कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

क) कागजजन्य सामानका लागि प्रति किलोग्राम रु एक,
ख) फलामजन्य सामानका लागि प्रति किलोग्राम रु दुई,
ग) स्टिलजन्य सामानका लागि प्रति किलोग्राम रु दुई र
घ) अन्यका हकमा प्रति किलोग्राम रु दुई ।

## अनुसूची (६)

दफा (७) सँग सम्बन्धित
सवारी साधन करको दररेट

काठमाडौं महानगरपालिका भित्र ठेगाना रहने गरी दर्ता भएका तथा काठमाडौं महानगरपालिका क्षेत्रभित्र चल्ने सवारी साधनमा वार्षिक सवारी कर निम्नानुसार हुने:

क) इन्जिनबाट चल्ने जुन कुनै दुईपाग्रें मोटरसाइकल, स्कुटर वा यस्तै सवारी साधनको वार्षिक रु चार सय,
ख) कार, जीप, भ्यान वा यस्तै चारपाग्रें सवारी साधनको वार्षिक रु एक हजार,
ग) टेम्पु र ट्याक्टर वा यस्तै सवारी साधनको वार्षिक रु एक हजार
घ) मिनि बस, मिनी ट्रक वा यस्तै चारपाग्रें सवारी साधनको वार्षिक रु दुई हजार
ङ) ठुला बस, ट्रक वा चारपाग्रें सवारी साधनको वार्षिक रु तीन हजार
च) हेभी गाडी, डोजर क्रेन वा यस्तै सवारी साधनको वार्षिक रु चार हजार
छ) अन्य सवारी साधनको वार्षिक रु एक हजार
ज) विद्युतीय उर्जाबाट सञ्चालन हुने र कृषि कार्यमा प्रयोग गरिने सवारी साधनका हकमा तोकिएको दरमा पचास प्रतिशत छुट हुनेछ ।

## अनुसूची (७)

दफा (८) सँग सम्बन्धित

### विज्ञापन करको दररेट

क) विज्ञापन कर निम्नानुसार हुने :

१) भवनको छत र कौसीमा परिचय पाटी वा विज्ञापन सामाग्री राख्न पाइने छैन ।

२) भवनमा झ्याल छोपेर परिचय पाटी वा विज्ञापन सामाग्री राख्न पाइने छैन ।

३) बाटोको सीमानादेखि दश फिटभित्र तथा संधियारको सिमानादेखि पाँच फिटभित्र र सार्वजनिक स्थान वा संस्थान वा कार्यालय वा सार्वजनिक सेवा प्रवाह गर्ने स्थानमा विज्ञापन सामाग्री राख्न पाइने छैन ।

४) सार्वजनिक उत्तरदायित्व अन्तर्गत निर्माण भएका जुनसुकै संरचनामा निर्माणकर्ताको नाम बाहेक राखिएका जुनसुकै तस्विर वा अक्षरको विज्ञापन कर छुट हुने छैन ।

५) भवन, जमिन, व्यापारिक वा ब्यवसायिक केन्द्र, होटल वा रेष्टुरेण्ट वा विद्यालय वा सिनेमा हल वा पेट्रोल पम्प वा जुनसुकै भवनको भित्री भागमा विज्ञापन गर्ने प्रयोजनका लागि राखिएका प्रचार सामाग्रीमा विज्ञापन कर छुट हुने छैन ।

६) सुर्तीजन्य, मदिरा तथा नेपाल सरकारबाट प्रतिबन्धित तथा काठमाडौं महानगरपालिका, नगर कार्यपालिकाबाट निषेध गरिएका विज्ञापन प्रचारप्रसार गर्न पाइने छैन ।

ख) विज्ञापन करको दर :

१) फ्लेक्सबाट तयार गरिएको विज्ञापन प्रचार सामग्रीको प्रतिवर्ष प्रतिवर्ग फुट रु सात सय,

२) होर्डिङ्ग बोर्ड, नियोन साईन, र यस्तै विज्ञापन प्रचार सामग्रीको प्रतिवर्ष प्रतिवर्ग फुट रु एक हजार,

३) डिजिटल बोर्ड, ग्लो साइन बोर्डमा गरिने विज्ञापन प्रचार सामग्रीको प्रतिवर्ष प्रतिवर्ग फुट रु आठ सय,

४) माल बाहक सवारी साधनको दाँयाबाँया पट्टीको भागमा अधिकतम दश स्क्वायर फुटसम्मको लागि प्रति दिन रु दूई सय र स्थायी रुपमा लेखिएको वा

छापिएको प्रचार सामाग्रीका लागि प्रति वर्ष प्रति वर्ग फुट रु एक सय,

५) खेलकुद मैदान, मेला, जात्रा, पर्व र यस्तै प्रकृतिका कार्यक्रममा हुने विज्ञापन प्रचार सामाग्रीको अधिकतम पन्ध्र दिन र बीस स्क्वायर फुटका लागि प्रति दिन रु पाँच सय र

६) सवारी साधनको छत (अधिकतम तीन फुट उचाईसम्म मात्र), दुईपाग्रां बीचको भाग, पछाडीको सीसा ( सीसाको जम्मा भाग मध्येको अधिकतम पचास प्रतिशत सम्म मात्र ) मुख्य झ्यालको माथि पट्टिको भेन्टीलेसनमा विज्ञापन प्रचार सामाग्रीको प्रति स्क्वायर फुट रु दुई सय ।

७) आकाशमा बेलुन, ज्याकेटमा वा बेलुन बोकेर गरिने विज्ञापन (प्रति दिन) रु. दुई सय

८) अन्यको हकमा प्रति वर्गफिट प्रतिवर्ष रु पाँच सय ।

## अनुसूची (८)

दफा (९) सँग सम्बन्धित

मनोरञ्जन करको दररेट

१) चलचित्र भवनहरुलाई चलचित्र प्रदर्शन गरेवापत प्रति-चलचित्र प्रदर्शन स्थल (प्रति-चलचित्र पर्दा) वापत वार्षिक निम्नानुसार मनोरन्जन कर असुलउपर गरिनेछ ।

१.१ अधिकतम तीस सिट क्षमता भएकाहरुले वार्षिक रु. ४०,०००।- (चालीस हजार)

१.२ अधिकतम पचास सिट क्षमता भएकाहरुले वार्षिक रु. ६०,०००।- (साठी हजार)

१.३ अधिकतम एक सय सिट क्षमता भएकाहरुले वार्षिक रु. ८०,०००।- (असी हजार)

१.४ एकसयदेखि माथिका सिट क्षमता भएकाहरुले वार्षिक रु. १००,०००।- (एक लाख)

१.५ तीन महिनासम्म जादु सर्कस मेला सञ्चालन गराए वापत दैनिक रु. एक सय

१.६ तीन महिना भन्दा बढी जादु सर्कस मेला वा मनोरन्जन प्रदायक कार्यक्रम सञ्चालन गराए वापत मासिक रु पाँच हजार

## **अनुसूची (९)**

बहाल बिटौरी शुल्कको दररेट
दफा (१०) सँग सम्बन्धित

यस सम्बन्धी व्यवस्था काठमाडौं महानगरपालिका, नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## अनुसूची (१०)

दफा (११) सँग सम्बन्धित
पार्किङ्ग शुल्कको दररेट

क्षेत्रगत आधारमा, सडकमा स्पष्ट रेखाङ्कन गरी, प्रवेश र बर्हिगमन फरक फरक हुने गरी, कुनै पनि सडकको कुल चौडाईको २५ प्रतिशत भन्दा बढी भाग नओगटिने गरी, भरसक आधुनिक प्रविधि प्रयोगमा ल्याउने गरी आफैं वा निजी क्षेत्रबाट सवारी पार्किङ्ग व्यवस्थापन गर्न सक्ने ।

१) समयका आधारमा निम्न बमोजिम शुल्क संकलन गर्ने :

१.१) क्षेत्र नम्बर १

टेकु पुल उत्तरतर्फ सोह्रखुट्टे, नयाँबजार, गंगबुँ, सामाखुसी, धापासी, महाराजगञ्ज चोक हुदै चप्पल कारखानासम्मको सार्वजनिक बाटोमा सवारी साधन पार्किङ्ग गरे ६० मिनेट सम्मका लागि ,

क) दुई पाङग्रेका लागि प्रति घण्टा रु १५,
ख) चार पाङग्रेका लागि प्रति घण्टा रु ४०,
ग) छ पाङग्रे वा सो भन्दा बढीका लागि रु १२०

१.२ क्षेत्र नम्बर २

न्यूरोड, धर्मपथ, कान्तिपथ, दरवारमार्ग लगायतका भित्री सहरी क्षेत्र (त्रिपुरेश्वर, रत्नपार्क, भोटाहिटी केशरमहल, लैनचौर, सोह्रखुट्टे, विष्णुमती लिंक रोड, टेकु हुँदै त्रिपूरेश्वरसम्म)का हकमा देहाएबमोजिम हुनेछ ।

क) दुई पाङग्रेका लागि प्रति घण्टा रु २०,
ख) चार पाङग्रेका लागि प्रति घण्टा रु ५०,
ग) छ पाङग्रे वा सो भन्दा बढीका लागि रु २००

१.३ क्षेत्र नम्बर ३

विजुलीबजार पुलपूर्व मनोहरापुल पेप्सिकोलासम्म, पुतलीसडक, बागबजार, डिल्लीबजार, मैतीदेवी, पुरानो बानेश्वर, गौशाला, चाबहिल, बौद्ध, कोटेश्वर सुकेधारा ज्ञानेश्वर लगायत, सो आसपासका क्षेत्र, टेकु पुल पश्चिम बल्खु कलंकी, कालिमाटी, कुलेश्वर, कुमारी क्लब, सितापाइला, माछापोखरी बालाजुसम्मका स्थानको सार्वजनिक बाटोमा सवारी साधन पार्किङ्ग गरे प्रति घण्टा देहाय बमोजिम हुनेछ ।

क) दुई पाङग्रेका लागि प्रति घण्टा रु १५,
ख) चार पाङग्रेका लागि प्रति घण्टा रु ४०,

ग) छ पाङग्रे वा सो भन्दा बढीका लागि रु १००

२) निजी जग्गामा सवारी पार्किङ्ग व्यवसाय सञ्चालन गरेको भए लाग्ने व्यवसाय करमा पचास प्रतिशत छुट हुनेछ ।

३) लिफ्ट वा आधुनिक प्रविधि प्रयोग गरी एकै स्थानमा धेरै सवारी साधन पार्किङ्ग गर्ने व्यवसायीलाई यस वर्ष व्यवसाय कर सय प्रतिशत छुट हुनेछ ।

४) सवारी साधन पार्किङ्ग गर्ने क्षेत्र र निषेधित क्षेत्र काठमाडौं महानगरपालिका, नगर कार्यपालिकाले तोक्न सक्नेछ ।

## अनुसूची (११)

दफा (१२) सँग सम्बन्धित

यस सम्बन्धी व्यवस्था काठमाडौं महानगरपालिका, नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## अनुसूची (१२)

दफा १२ सँग सम्बन्धित

### सेवा शुल्क दस्तुर

| | | | |
|---|---|---|---|
| **क्र. सं.** | **विवरण** | **आ.व.०७४।०७५ का लागि** | **कैफियत** |
| १ | घर जग्गा नामसारी सिफारिस | १०००।०० | |
| २ | मोही लगत कट्टा | ५०००।०० | |
| ३ | घर कायम सिफारिस | १५००।०० | |
| ४ | छात्रवृत्ति सिफारिस | १००।०० | |
| ५ | विपन्न विद्यार्थी छात्रवृत्ति सिफारिस | नलाग्ने | |
| ६ | अपांग सिफारिस | नलाग्ने | |
| ७ | अस्थायी बसोबास सिफारिस | स्वदेशी २०० ०।०० विदेशी ५०००।०० | |
| ८ | स्थायी बसोवास सिफारिस | ५००।०० | |
| ९ | नगारिकता सिफारिस | ५०।०० | |
| १० | अंगीकृत नागरिकता सिफारिस | १००००। | |
| ११ | आर्थिक अवस्था सम्बन्धी सिफारिस (बलियो) | ५०००।०० | |
| १२ | आर्थिक अवस्था सम्बन्धी सिफारिस (कमजोर) | २५।०० | |
| १३ | विद्युत जडान सिफारिस (नक्सा पास भएको) | १०००।०० | |

| | | | |
|---|---|---|---|
| १४ | विद्युत जडान सिफारिस (नक्सा पास नभएको) | ५०००।०० | |
| १५ | धारा जडान सिफारिस (नक्सा पास भएको) | १०००।०० | |
| १६ | धारा जडान सिफारिस (नक्सा पास नभएको) | ५०००।०० | |
| १७ | जीवित रहेको सिफारिस | ५००।०० | |
| १८ | जन्म मिति संशोधन सिफारिस | ५००।०० | |
| १९ | जग्गा मुल्याङ्कन सिफारिस/प्रमाणित | प्रति हजार रू १।०० | भर्ना भएको वा हुन आउने पत्र राखी विद्यार्थी प्रयोजनका लागि मूल्याङकन रू १५००।०० |
| २० | व्यवसाय बन्द सिफारिस | २०००।०० | |
| २१ | व्यवसाय सञ्चालन नभएको सिफारिस | २०००।०० | |
| २२ | ब्यापार व्यवसाय नभएको सिफारिस | २०००।०० | |
| २३ | अदालत शुल्क मिनाहा सिफारिस | २५।०० | |
| २४ | नाबालक सम्बन्धी सिफारिस | २००।०० | |
| २५ | चौपाया सम्बन्धी सिफारिस | ५००।०० | |
| २६ | व्यवसाय दर्ता सर्जमिन सिफारिस | १,५००।०० | |
| २७ | उद्योग ठाउसारी सिफारिस | १,०००।०० | |
| २८ | विद्यालय ठाउसारी सिफारिस(निजी) | ५,०००।०० | |
| २९ | आन्तरिक बसाई सराई सिफारिस | १००।०० | |

| | | | |
|---|---|---|---|
| ३० | विद्यालय कक्षा बृद्धि, सिफारिस (निजी) | १०,०००।०० | |
| | संकाय थप | २५,०००।०० | |
| ३१ | पूर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस/अनुमति (निजी) | १०,०००।०० | |
| ३२ | ब्यक्तिगत विवरण सिफारिस | ५००।०० | |
| ३३ | जग्गा दर्ता सिफारिस (निषेधित बाहेक प्रति आना) | ५,०००।०० | |
| ३४ | विद्यालय वा संकाय बृद्धि सिफारिस | २५०००।०० | |
| ३५ | संरक्षक सिफारिस (ब्यक्तिगत) | १००।०० | |
| ३६ | संरक्षक सिफारिस (संस्थागत) | २००।०० | |
| ३७ | कित्ताकाट सिफारिस (प्रति आना) | १,०००।०० | |
| ३८ | सरकारको नाममा बाटो कायम सिफारिस | १००।०० | |
| ३९ | नाता प्रमाणित सिफारिस (नेपाली) | २५।०० | |
| | सर्जमिन गर्नू पर्नेका हकमा | ५००।०० | |
| ४० | नाता प्रमाणित सिफारिस (अंग्रेजी) | ५००।०० | |
| ४१ | कोठा खोल्ने रोहबरमा बस्ने | ५००।०० प्रति कोठा | |
| ४२ | नि:शुल्क वा स:शुल्क स्वास्थ्य उपचार सिफारिस | २५।०० | |
| ४३ | अन्य कार्यालयको माग | नलाग्ने | |

| | | | |
|---|---|---|---|
| | अनुसार विवरण खुलाई पठाउन पर्ने | | |
| | अन्य कार्यालयको माग अनुसार रोहवरमा बसी विवरण खुलाई पठाउन पर्नेमा | १,०००।०० | |
| ४४ | संस्था दर्ता सिफारिस (नाफामुखी) नवीकरण | १,०००।०० | सिफारिस गर्दा जुन निकायलाई सिफारिस गरिएको हो सो निकायमा दर्ता भएको जानकारी गराउन अनुरोध गर्ने । |
| ४५ | संस्था दर्ता सिफारिस (गैह्र-नाफामुखी) | १,०००।०० पहिलो पटक, नवीकरण ५००।०० प्रति वर्ष | |
| | INGO को हकमा | दर्ता रू.२०००।००, नवीकरण रू.१०००।०० प्रति वर्ष | |
| ४६ | घर बाटो प्रमाणित, (मूल सडक अन्तर्गत) | ४ आनासम्म रू २००० त्यसपछि प्रति आना ५००।०० | आठ मिटर चौडाई वा सो भन्दा बढी फराकिला सबै कालोपत्रे भएका सडक/बाटोहरू । |
| ४७ | घर बाटो प्रमाणित, (सहायक पिच) सडक अन्तर्गत | ४ आनासम्म रू १५०० त्यस पछि प्रतिआना ४००।०० | आठ मिटर चौडाई भन्दा घटीका २.५ मिटर भन्दा माथिका कालोपत्रे भएका सडक/बाटोहरू (यसमा ईटा छापिएका, ढुङ्गा |

| | | | |
|---|---|---|---|
| | | | छापिएका ढलान गरिएका सबै सडकलाई पक्की सडक भनी सहायक पिच सडक सरह मान्नुपर्दछ । |
| ४८ | घर बाटो प्रमाणित, (कच्ची मोटर बाटो) | ४ आनासम्म रू १००० त्यस पछि प्रति आना ३००।०० | २.५ मिटर चौडाई भन्दा माथिका कालो पत्रे नभएका सबै ग्राभेल सडक/बाटोहरू । |
| ४९ | घर बाटो प्रमाणित, (गोरेटो बाटो/बाटो नभएको समेत) | ४ आनासम्म रू ८०० त्यस पछि प्रति आना २००।०० | २.५ मिटर चौडाई भन्दा साना सबै बाटोहरू । |
| ५० | चार किल्ला प्रमाणित चार आना सम्म | २,०००।०० | |
| ५१ | चार किल्ला प्रमाणित चार आनादेखि माथि प्रति आना थप | ५००।०० | माग भए जति जग्गाको मात्र शुल्क लाग्ने । |
| ५२ | जन्म मिति प्रमाणित | ३००।०० | प्रति पटक |
| ५३ | विवाह प्रमाणित | ३००।०० | प्रति पटक |
| ५४ | घर पाताल प्रमाणित | २,०००।०० | |
| ५५ | फरक, फरक नाम, थर सिफारिस/प्रमाणित | ५००।०० | |
| ५६ | फरक फरक जन्म मिति | ५००।०० | |

| | | | |
|---|---|---|---|
| | प्रमाणित / सिफारिस | | |
| ५७ | कागज / मञ्जुरीनामा प्रमाणित | १,०००।०० | |
| ५८ | संरक्षक प्रमाणित | ५०।०० | |
| ५९ | हकदार प्रमाणित | २,०००।०० | |
| ६० | अन्य प्रमाणित | १,०००।०० | |
| ६१ | अविवाहित प्रमाणित | १,०००।०० | |
| ६२ | नाम थर संशोधन सिफारिस | ५००।०० | |
| ६३ | जग्गा रेखांकन / सम्वन्धी रोहवरमा बस्ने | २,०००।०० | |
| ६४ | जग्गा धनी पुर्जा हराएको सिफारिस | १,०००।०० | |
| ६५ | पुर्जामा घर कायम गर्ने सिफारिस | २,०००।०० | |
| ६६ | अंग्रेजी सिफारिस तथा प्रमाणित | १,०००।०० | |
| ६७ | मिलापत्र कागज गराउने | ५००।०० | दुबै पक्षबाट ५०० का दरले जम्मा रू. १,०००। |
| ६८ | पुरानो बसपार्कमा सवारी साधन प्रवेश शुल्क (प्रति दिन) | क) ठूला बस रू.४० ख) मिनी बस रू.३० ग) माइक्रो बस रू.२० घ) अन्य यात्रु बाहक रू.१५ | |
| ६९ | ठेला गाडा रिक्सामा गरिने खाद्य सम्बन्धी व्यवसाय | रू.२०।०० र फोहोरमैला शुल्क | का.म.पा.बाट स्वीकृति लिएका स्थानमा मात्र |

| | | | |
|---|---|---|---|
| | (प्रति दिन) | रू.३०।०० | गर्नुपर्ने, फोहोर मैला संकलन गर्ने भांडोको व्यवस्था व्यवसायी आफैले गर्नुपर्ने । त्यस्ता फोहोरहरू तोकिएको स्थानमा मात्र विसर्जन गर्ने वा सवारी साधनलाई उपलब्ध गराउनु पर्नेछ । |
| ७० | ठेला गाडा रिक्सामा गरिने खाद्य बाहेक (प्रति दिन) | रू.२०।०० र फोहोर मैला शुल्क रू.२०।०० | का.म.पा.बाट स्वीकृति लिएका स्थानमा मात्र गर्नूपर्ने, फोहोर मैला संकलन गर्ने भांडोको व्यवस्था व्यवसायी आफैंले गर्नुपर्ने । त्यस्ता फोहोरहरू तोकिएको स्थानमा मात्र विसर्जन गर्ने वा सवारी साधनलाई उपलब्ध गराउनु पर्नेछ । |
| ७३ | नाता प्रमाणित दस्तुर | रू.२००।०० | |
| ७४ | जन्म/मृत्यु/विवाह/बसाई सराई/सम्बन्ध विच्छेद दर्ता (३५ दिन भित्र निः शुल्क, त्यस | रू.५०।०० | |

| | | | |
|---|---|---|---|
| | पछिको ३५ दिन भित्र रू.८ त्यसपछिको जति दिन भएपनि रू.५०) | | |
| ७५ | प्रमाणीकरण (भेरिफिकेसन) | रू.२००।०० | |
| ७६ | ठेला रिक्सा दर्ता नामसारी/ठाउ सारी | रू.५००।०० | |
| ७७ | इन्जिनियरिङ्ग दर्ता/नवीकरण (सूचीकृत) शुल्क | रू.७,०००।०० | |
| ७८ | अंग्रेजी सिफारिस दस्तुर | रू.५००।०० | |
| ७९ | काठमाडौं महानगरपालिकाको अनलाइन पत्रिकामा गरिएको विज्ञापन | प्रति घण्टा रू.१००।०० प्रति दिन रू ५०० प्रतिमहिना रू ५,००० प्रति वर्ष रू २५००० | |
| ८० | मेट्रो एफ.एम.विज्ञापन (प्राइम टाइम 6 A.M.-9A.M., 6 P.M.-9 P.M. प्रति मिनेट) | रू.२००।०० | |
| ८१ | सामान्य समय (नर्मल टाइम) प्रति मिनेट | रू.१००।०० | |
| ८२ | क) घरपालुवा पशु/जनावरहरुका धनीबाट प्रति वर्ष प्रति गोटा | रु १००।- | |
| | ख) घरपालुवा पंक्षी (कुखुरा, हाँस आदि) हरुका धनीबाट प्रति खोर प्रति वर्ष | रु.२००।- | |

| | | | |
|---|---|---|---|
| | ग) व्यवसायीक रुपमा पालिने पशुपंक्षी जनावरहरुका धनीबाट प्रतिगोठ प्रतिवर्ष | रु.५००।- | |
| | घ) पशुपंक्षीको बधशाला | रु.१००० | |
| | ङ) आफूले पालेका पशुपंक्षी तथा अन्य जनावरलाई सार्वजनिक स्थलमा मल मुत्र गराएमा सम्बन्धित धनीलाई प्रति पटक | रु.१०० | |
| | च) माथि नपरेका अन्य कुनै भएमा प्रति वर्ष | रु.१०० | |
| ८३ | सिस्डोल ल्याण्ड फिल्ड साइटमा का.म.पा. बाहेकका फोहोरमैला विसर्जन गर्ने सवारी साधनका लागि देहाय अनुसार शुल्क लिने छ । (क) ८ टनदेखि माथिको गाडीका लागि (ख) ७.९९ टन सम्मका लागि | क) रु.२५०। ख) रु.१५०।- | |
| ८४ | भवन निर्माण स्वीकृति आवासीय प्रयोजनको लागि प्रतिवर्ग फुट | रु.२५ | क) भूकम्पका कारण पूर्णरुपमा क्षति भएको क्षेत्रफल बराबरमा मात्र सोही जग्गामा सोही ब्यक्तिले सोही प्रयोजनका लागि साविककै क्षेत्रफल वा बढिमा २००० |
| ८५ | भवन निर्माण स्वीकृति ब्यवसायिक प्रयोजनको लागि प्रति वर्ग फुट | रु.३५ | |
| ८६ | भवनको निर्माण स्वीकृति मापदण्ड भित्र रहेता पनि नक्शा स्वीकृति नलिई निर्माण भै सकेको भवनको र जरिवाना गरी | रु.५० (रु पचास) | |

| | | | |
|---|---|---|---|
| | नक्सा स्वीकृत गर्नु परेमा प्रति वर्गफुट | | वर्ग फिटसम्मको नयाँ भवन निर्माण गर्न अनुमति मागेमा लाग्ने दस्तुरमा यस आ.व.का लागि शत् प्रतिशत छुट दिने तर सो बाहेक र सो भन्दा बढी क्षेत्रफलको हकमा छुट हुनेछैन ।<br>ख) यसमा व्यवस्था भएको दस्तुर शुल्क भवन निर्माण मापदण्ड तयार गरी कार्यान्वयनमा आएपछि काठमाडौं महानगरपालिका, नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ । |
| ८७ | भवन नक्सा नामसारी दस्तुर | रु पाँच (नियमित)<br>रु सात (तह गत ) | |

माथि उल्लिखित नभएका विषयहरुका हकमा रु. १०००।

| | | | |
|---|---|---|---|
| हनुमानढोका | मुभी विदेशी (सार्कराष्ट्र बाहेक) छायांकन | रू.५५०००।०० प्रति दिन | मातृभाषामा बन्ने (Movie) चलचित्रलाई लाग्ने करको १० प्रतिशत मात्र |
| | सार्कराष्ट्र मुभी छायांकन | रू.३५०००।०० प्रति दिन | |
| | म्युजिक भिडियो (नेपाली) | रू.५०००।०० प्रति दिन | |
| | नेपाली चलचित्र | रू.२००००।०० प्रति दिन | |
| | प्रवेश शुल्क | रू.१०००।०० | सो मध्ये दरवार संरक्षण विकास समितिलाई रू.२५०।०० |
| | | सार्कमुलूकका पर्यटकका लागि रू ५००। | |

| क्र.सं. | कन्टेनर सेवा | ४ क्यू. मि. क्षमता दररेट रू | ५ क्यू. मि. क्षमता दररेट रू | ६ क्यू. मि. क्षमता दररेट रू | कैफियत |
|---|---|---|---|---|---|
| १ | ब्यापारिक तथा औद्योगिक प्रतिष्ठान | २९०० | ३६०० | ४२५० | प्रति पटक |
| २ | निजी आवास तथा संघ संस्थाहरु | १७५० | २१०० | २५०० | |
| ३ | सरकारी तथा अर्ध सरकारी निकाय | २४०० | २९०० | ३४०० | |
| ४ | विदेशी कुटनीतिक नियोग | ३५०० | ४२५० | ५००० | |

| क.सं. | विवरण | सानो गाडी (३ क्यू मी) दररेट रु. | ठूलो गाडी (६ क्यू मी) दररेट रु. | कैफियत |
|---|---|---|---|---|
| १ | निजी ढल खोल्ने जेट मेसिन सेवा प्रतिघण्टा | ८०० | १६०० | |
| २ | पानी ट्यांकी सेवा | १६०० | | |
| ३ | फोहर बोक्ने टिपर सेवा | २३०० | | |
| ४ | Small Garbage Truck (सानो चाइनिज) सेवा | १६०० | | |
| ५ | ठूलो कन्टेनर सेवा १४ क्यू.मी. दैनिक ५ कि.मी. बढार्ने संघसंस्था | ४००० | | |
| ६ | ठूलो कन्टेनर सेवा १४ क्यू.मी. सडक नबढार्ने संघ/संस्था | ७८०० | | |
| ७ | चाइनाबाट प्राप्त ग्रिन गारवेज विन सेवा फुटोन गाडी (वाल्टिन) | १०० (२४० लि प्रति ग्रिन गारवेज) | | धरौटी रकम (रु) १०,००० |
| ८ | सडक बढार्ने ब्रुमर सेवा गाडी प्रतिघण्टा | ७०० | | प्रतिघण्टा निजी क्षेत्र मात्र इन्धन प्रयोगकर्ता |

| क्र.सं. | विवरण | दररेट रु. | कैफियत |
|---|---|---|---|
| १ | कम्पोस्ट विन | २१०० | सहुलियत दर रेटमा विक्री |
| २ | प्रवेश शुल्क | २५ | रत्नपार्क, बालाजु, शंखपार्क लगायतमा लागू हुनेछ । अपाङ्ग, ज्येष्ठ नागरिकलाई आवश्यक प्रमाणका आधारमा छुट दिइनेछ । बिभिन्न कार्यक्रममा सहभागी हुने संख्याको आधारमा फोहर व्यवस्थापन शुल्क मापदण्ड बनाई थप लिन सकिनेछ । |
| ३ | प्रवेश शुल्क (विद्यार्थी छुट) | १५ | |
| ४ | मोटरसाइकल पार्किङ्ग | २० | |
| ५ | मोटर/मुभी क्यामरा | ५० | |
| ६ | स्विमिङ्ग पुल शुल्क (पूरा) | १५० | |
| ७ | स्विमिङ्ग पुल शुल्क (विद्यार्थी/महिला छुट) | १२५ | |
| ८ | स्विमिङ्ग पुल लकर शुल्क | ३० | |
| ९ | स्विमिङ्ग विद्यार्थी छुट (समूहमा २० जनाभन्दा बढी) | १०० | |
| १० | स्विमिङ्ग पुल शुल्क (मासिक सदस्य) | ३,५०० | |
| ११ | स्विमिङ्ग पुल शुल्क (सिजनल सदस्य) | १०,००० | |
| १२ | पांच जना भन्दा बढी ड्राई फुड जमघट | ३०० | |
| १३ | १ नम्बर टहरा पिकनिक | २००० | |
| १४ | २ नम्बर टहरा पिकनिक | २००० | |
| १५ | चमेना घर पिकनिक | २००० | |
| १६ | २ नम्बर टहरा विवाह/व्रतवन्ध | ५००० | |
| १७ | चमेना घर विवाह /व्रतवन्ध | ५००० | |
| १८ | झिलिमिली घर पिकनिक | १५०० | |
| १९ | झिलिमिली घर विवाह/व्रतवन्ध | ४००० | |

| | | | |
|---|---|---|---|
| २० | पालेघर पिकनिक | १५०० | |
| २१ | पालेघर विवाह/व्रतवन्ध | ४५०० | |
| २२ | रातो घर पिकनिक | १५०० | |
| २३ | रातो घर विवाह/व्रतवन्ध | ४००० | |
| २४ | छ कुने टहरा पिकनिक | १५०० | |
| २५ | छ कुने टहरा विवाह/व्रतवन्ध | ४५०० | |
| २६ | नयाँ टहरा पिकनिक | १५०० | |
| २७ | नयाँ टहरा विवाह/व्रतवन्ध | ४००० | |
| २८ | कछुवा चौर पिकनिक | ११०० | |
| २९ | कछुवा चौर विवाह/व्रतवन्ध | ३००० | |
| ३० | १ नम्बर मुनिको चौर पिकनिक | ११०० | |
| ३१ | १ नम्वर मुनिको चौर विवाह/व्रतवन्ध | ३००० | |
| ३२ | भोगटे चौर पिकनिकको लागि | २००० | |
| ३३ | भोगटे चौर विवाहको लागि | ४००० | |
| ३४ | विद्युत प्रयोग गरेवापत प्रतिप्वाइन्ट | खपत भए अनुसार रु १२ प्रति युनिट | |
| ३५ | विदेशी चलचित्र सुटिङ्ग | १०,००० | |
| ३६ | नेपाली ठूलो पर्दाको चलचित्र सुटिङ्ग | ५,००० | |
| ३७ | नेपाली टेलिचलचित्र सुटिङ्ग | ३,००० | |
| ३८ | दोहोरी गीत/म्युजिक भिडियो सुटिङ्ग | ५,००० | |
| ३९ | बाँस बिक्री प्रतिघना | ३०० | |
| ४० | एसियन पर्यटक प्रवेश | ५० | |

| | | | |
|---|---|---|---|
| | शुल्क | | |
| ४१ | अन्य पर्यटक प्रवेश शुल्क | ७५ | |
| ४२ | जरिवाना शुल्क (न्यूनतम) | १,००० उद्यानको भौतिक सम्पति हानि नोक्सानी गरेमा | |
| ४३ | व्यवसायिक फोटो सेसन | ५०० | |

## अनुसूची (१३)

यसै ऐनको दफा १४ सँग सम्बन्धित
पर्यटक शुल्कको दररेट

१) काठमाडौं महानगरपालिका, नगर कार्यपालिकाले तोकेका स्थानहरुमा तोके बमोजिम हुनेछ ।

# अनुसूची (१४)

यसै ऐनको दफा १५ सँग सम्बन्धित

जरिवाना

| सि.नं. | सामानको किसिम | जरिवाना गरी सामान फिर्तादिने समय | जरिवाना रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ठेला २ पाङग्रे | पक्राउ भएकै दिन | १,०००।०० | ३५ दिन सम्ममा सामान फिर्ता लिन नआएमा उक्त सामान जफत गरिनेछ। |
| २ | गाडा ३ र ४ पाङग्रे | पक्राउ भएकै दिन | १,५००।०० | ३५ दिन सम्ममा सामान फिर्ता लिन नआएमा उक्त सामान जफत गरिनेछ। |
| ३ | फलफूल साईकल | पक्राउ भएकै दिन | १,५००।०० | ३५ दिन सम्ममा सामान फिर्ता लिन नआएमा उक्त सामान जफत गरिनेछ। |
| ४ | घुम्ती पसल | पक्राउ भएकै दिन | ५०० | ३५ दिन सम्ममा सामान फिर्ता लिन नआएमा उक्त सामान जफत गरिनेछ। |
| ५ | आयुर्वेदिक औषधी | पक्राउ भएकै दिन | ५०० | ३५ दिन सम्ममा सामान फिर्ता लिन नआएमा उक्त सामान जफत गरिनेछ। |
| ६ | चिया | पक्राउ | ५०० | ३५ दिन सम्ममा |

| | | | | |
|---|---|---|---|---|
| | पसल | भएकै दिन | | सामान फिर्ता लिन नआएमा उक्त सामान जफत गरिनेछ । |
| ७ | स्ट्याण्ड बोर्ड | | | |
| ८ | होर्डिङ्ग बोर्ड | | | |
| ९ | टल्याक्स फ्रेम ब्यानर | | | सामान जफत गर्ने । |
| १० | फ्लेक्स ब्यानर | | | |
| ११ | गेट | | | |
| १२ | कपडाको ब्यानर | | | |
| १३ | चुरोट पसल | पक्राउ भएकै दिन | ५०० | |
| १४ | नाङ्गलो पसल | पक्राउ भएकै दिन | ५०० | |
| १५ | ब्यवसायिक स्टल | | | सामान जफत गर्ने । |
| १६ | सि.डी. चक्का | पक्राउ भएकै दिन | ५०० | |
| १७ | कुखुरा | पक्राउ भएकै दिन | ५०० | |
| १८ | खसी, बाख्रा (चौपाया) | पक्राउ भएकै दिन | ५०० | |
| १९ | पंक्षी | पक्राउ भएकै दिन | ५०० | |
| २० | साग सब्जी | पक्राउ भएकै दिन | २०० | |
| २१ | तरकारी | पक्राउ भएकै दिन | २०० | |

| | | | | |
|---|---|---|---|---|
| २२ | फलफूल | पक्राउ भएकै दिन | ५०० | |
| २३ | चना चटपटे खोचा | पक्राउ भएकै दिन | ५०० | |
| २४ | पानी पुरी खोचा | पक्राउ भएकै दिन | ५०० | |
| २५ | कपडा | पक्राउ भएकै दिन | ५०० | |
| २६ | कस्मेटिक सामान | पक्राउ भएकै दिन | ५०० | |
| २७ | काष्ठ सामाग्री | पक्राउ भएकै दिन | ५०० | |
| २८ | फलामे सामाग्री | पक्राउ भएकै दिन | ३०० | |
| २९ | खेलौना | पक्राउ भएकै दिन | ५०० | |
| ३० | भाडा वर्तन | पक्राउ भएकै दिन | ५०० | |
| ३१ | मेसिन औजार | पक्राउ भएकै दिन | १००० | |
| ३२ | घडी | पक्राउ भएकै दिन | ५०० | |
| ३३ | जुत्ता, चप्पल | पक्राउ भएकै दिन | १००० | |
| ३४ | ढक तराजु | पक्राउ भएकै दिन | ३०० | |
| ३५ | केट | पक्राउ भएकै दिन | ३०० | |
| ३६ | किताव | पक्राउ भएकै दिन | ५०० | |
| ३७ | पत्रपत्रिका | पक्राउ भएकै दिन | १०० | |
| ३८ | मोबाइल को खोल, | पक्राउ भएकै दिन | ५०० | |

| | | | | |
|---|---|---|---|---|
| | चार्जर | | | |
| ३९ | निर्माण औजार | पक्राउ भएकै दिन | ३०० | |
| ४० | निर्माण सामाग्री | पक्राउ भएकै दिन | १,०००।०० | सामानको परिमाण हेरी प्रमुखबाट थप जरिवाना हुन सक्ने । |
| ४१ | स्टोभ | पक्राउ भएकै दिन | २०० | |
| ४२ | खाद्य पदार्थ | पक्राउ भएकै दिन | ३०० (सडनें) | |
| ४३ | पेटी (बेल्ट) | पक्राउ भएकै दिन | ३०० | |
| ४४ | बिद्युतीय सामान | पक्राउ भएकै दिन | ५०० | |
| ४५ | डमी | पक्राउ भएकै दिन | ५०० | |
| ४६ | माछा | पक्राउ भएकै दिन | १,०००।०० | |
| ४७ | ढुङ्गाबाट निर्मित सामाग्री | पक्राउ भएकै दिन | २०० | |
| ४८ | सवारी साधान गाडी | पक्राउ भएकै दिन | १०,०००।०० | बिज्ञापनको लागि प्रयोग भएकोलाई |
| ४९ | माटोबाट निर्मित सामान | पक्राउ भएकै दिन | ३०० | |
| ५० | ग्यासको सिलिण्डर | पक्राउ भएकै दिन | ५०० | चुलो सहित भएमा रु ७००।–सम्म |
| ५१ | मोटरसाइ कल | पक्राउ भएकै दिन | १,०००।०० | लाईसेन्स र ब्लू बुक अनिवार्य राख्नु पर्ने |
| ५२ | टेवल, बेन्च | पक्राउ भएकै दिन | ५०० | |

| | | | | |
|---|---|---|---|---|
| ५३ | दराज | पक्राउ भएकै दिन | ८०० | |
| ५४ | छाडा चौपाया | पक्राउ भएकै दिन | प्रतिगोटा रू.२०० | लिलाम बढाबढमा कबोल रकम, लैनो गाई (५०००) |
| ५५ | रड/छड | पक्राउ भएकै दिन | १,०००।०० | |
| ५६ | अनधिकृत स्थलमा चार पांग्रे सवारी साधन पार्किङ्ग | पक्राउ भएकै दिन | १,०००।०० | |
| | क) १००० सि सि सम्मको लागि | पक्राउ भएकै दिन | ५,०००।०० | |
| | ख) १००० सी.सी. देखि १५०० सम्मको लागि | पक्राउ भएकै दिन | ७,०००।०० | |
| | ख) १५०० सी.सी. भन्दा माथि २२०० सम्मको लागि | पक्राउ भएकै दिन | १०,०००।०० | |
| | ख) २२०० | | | |

| | | | | |
|---|---|---|---|---|
| | सी.सी. भन्दा माथि सबैका लागि | | | |
| ५७ | अनधिकृत स्थलमा चार पांग्रे सवारी साधन पार्किङ्ग | पक्राउ भएकै दिन | २,०००।०० | |
| पुनश्च : | | | | |

क) सहरको प्रमुख स्थानहरु रत्नपार्क, सुन्धारा, भोटाहिटी, पुरानो बसपार्क, शहीदगेट, आकाशेपुल, पार्कहरु, जमल, न्यूरोड अति विशिष्ट तथा विशिष्ट व्यक्तिहरुको निवास तथा कार्यालयहरु वरपरबाट पक्राउ परेका सामानहरु मा थप २० (बीस) प्रतिशत जरिवाना गरिने छ ।

ख) माथि उल्लिखित शीर्षक अनुसारको सामानहरुको भौतिक अवस्थाका सम्बन्धमा स्वयंम ब्यापारी जबाफदेही भै कार्यालयलाई जानकारी दिनुपर्नेछ अन्यथा सामान नष्ट हुन गएमा सम्बन्धित ब्यक्तिनै जिम्मेबार हुनुपर्ने छ ।

ग) पटके रुपमा पक्राउ भई आएका सामानहरुको हकमा माथि उल्लेखित जरिवानामा प्रत्येक पटक जरिवाना दोब्बर हुने छ ।

घ) खटिने कर्मचारीहरुसँग फिल्डमा अनावश्यक बिवाद गरेमा सो अनुसारको कारवाही तथा जरिवाना गरिने छ । साथै माथि उल्लेख नभएका बिषयमा जरिवाना रु १००० (एक हजार) गरिने छ । आबश्यकता अनुसार अधिकार प्राप्त अधिकारीबाट न्यायोचित निर्णय हुनसक्ने छ ।

यस ऐनमा उल्लेख भएकाको हकमा यसै अनुसार र उल्लेख नभएकाको हकमा साबिक बमोजिम हुनेछ ।

# अनुसूची (१५)

यसै ऐनको दफा १६ सँग सम्बन्धित
घर जग्गा रजिस्ट्रेसन शुल्कको दररेट

१) काठमाडौं महानगरपालिका, नगर कार्यपालिकाले तोकेका स्थानहरुमा तोकिए बमोजिम हुनेछ ।

## दफा १८ सँग सम्बन्धित
## फारम १

एकीकृत सेवाग्राही सूचना

श्री काठमाडौं महानगरपालिका कार्यालय

.....................................................

उपरोक्त सम्बन्धमा तल विवरण अनुसारको कर, सेवा र सिफारिसका लागि यो निवेदन पेश गर्दछु ।

मिति ☐☐☐☐☐☐☐☐☐☐

| दायित्वमा पर्ने कर वा सेवा शीर्षकमा चिन्ह (✓) लगाउने | घरजग्गा कर | व्यवसाय कर | मालपोत कर | सवारी कर | घर बहाल कर | मनोरञ्जन कर | विज्ञापन कर | सिफारिस सेवा |
|---|---|---|---|---|---|---|---|---|
| | ☐ | ☐ | ☐ | ☐ | ☐ | ☐ | ☐ | ☐ |

**व्यक्तिगत विवरण**

| आवेदकको नामथर | ठेगाना | | सम्पर्क नं | |
|---|---|---|---|---|
| | स्थायी | | फोन. | |
| | अस्थायी | | मोबाइल नं. | |

**घरजग्गा विवरण**

| भवनको विवरण | | | | | जग्गाको विवरण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. | लम्बाई X चौडाई X उचाई | जम्मा ब.फी. | घरको बनौट | बनेको साल | कित्ता नं. | क्षेत्रफल | बाटोको नाम | बाटोको प्रकार | कित्ता नं. |
| | | | | | | | | | |
| | बहालमा भए तल चिन्ह(✓) लगाउनुहोस् | मासिक/बार्षिक बहाल रकम | बहालमा बस्नेको नामथर, ठेगाना | | | | | बहाल प्रारम्भ मिति | |

**व्यवसायको विवरण**

| वडा नं. | व्यवसायको नाम | व्यवसायको ठेगाना | | | बहालमा भए | | सेवा तथा ब्यापारिक वस्तुको विवरण | व्यवसायिक संस्थाको प्रकार |
|---|---|---|---|---|---|---|---|---|
| | | स्थान | बाटो को नाम | घर नं. | घरधनीको नाम (सम्पर्क नं.) | कित्ता नं | | |
| | | | | | | | | |

**सवारी साधनको विवरण**

| सवारी नं. | सवारीधनीको नाम | सवारीको किसिम | सवारी साधनको भौतिक विवरण | यातायात व्यवस्था विभागमा दर्ता मिति | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| मनोरञ्जन कर | | | | | | | |
| वडा नं. | संस्थाको नाम | ठेगाना | सुरू रसिद नं. | अन्तिम रसिद नं. | प्रति टिकट दर | रसिद नभए कबुलियत रकम (एकमुष्ट) | कैफियत |
| | | | | | | | |
| विज्ञापन कर | | | | | | | |
| वडा नं. | विज्ञापनको विवरण (छोटो परिचय) | | विज्ञापन सामाग्रीको प्रकार (डिजिटल/साईन आदि) | साईज | संख्या | विज्ञापन सामाग्रीको प्रकार | |
| | | | | | | | |
| प्राप्त गर्न चाहेको सिफारिस सेवाको विवरण | | | | | | | |
| क.सं. | सिफारिसको विवरण | | | संलग्न कागजातहरू | | कैफियत | |
| | | | | | | | |

मैले/हामीले पेश गरेको व्यहोरा ठीक साँचो छ । झुठो ठहरिए कानून बमोजिम सहुँला बुझाउँला ।

<u>निवेदकको</u>
**नामथर :**
**ठेगाना :**
**फोन नं./मोबाइल नं.:**
**ईमेल :**
**हस्ताक्षर :**

**पुनश्चः काठमाडौं महानगरपालिका, नगर कार्यपालिकाले यो फारममा समयानुकूल संशोधन गर्न सक्नेछ ।**

प्रमाणीकरण मितिः २०७४।३।३१

**आज्ञाले,**

**धनिराम शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ४० ।-
गो.हु.द.नं. १६।२०६२।६३